नेपाल सरकार
गृह मन्त्रालय

**श्री नेपाल ए.पी.एफ अस्पताल, काठमाण्डौ ।**

**शिलवन्दी दरभाउपत्र आव्हानको सूचना नं.८**

(प्रथम पटक प्रकाशित मिति २०७६/०२/१४ गते ।

आ.ब. ०७५/०७६ मा नेपाल ए.पी.एफ.अस्पताल, बलम्बु काठमाण्डौको हाता भित्र निम्नानुसारको निर्माण सम्वन्धी कार्य गर्नु पर्ने भएकोले योग्य दरभाउपत्रदातारुलाई निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्रको माध्यमबाट रितपुर्व दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१) दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिन कार्यालय समय सम्म चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी नेपाल ए.पी.एफ अस्पताल,बलम्बु,काठमाण्डौबाट खरिद गर्न सकिने छ । खरिद भएका दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र यस अस्पतालमा शिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ ।

२) यस कार्यालयबाट विक्रि भएका दरभाउपत्र फाराममा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी पेश गर्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र फारामहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १४:०० बजे गठित खोलुवा समिति, सरकारी प्रतिनिधीहरु र दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयको हाता भित्र खोलिने छ । शिलबन्दी दरभापत्रदाताको प्रतिनिधीहरु उपस्थित नभएमा पनी दरभाउपत्र खोलिने कार्यमा कुनै बाधा पर्नेछैन ।

३) दरभाउपत्र फाराम बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४) शिलवन्दी दरभाउपत्र फाराम साथ जमानत वापत रकम धरौटी खाता नंम्बर १७००२०३ (राष्ट्रिय बाणिज्य बैंक टेकु स्थित यस कार्यालयको कोड नं. २७-३१४-६९ मा तोकिएको दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा “क” वर्गको मान्यता प्राप्त बैंकबाट नेपाल ए.पी.एफ अस्पताल,बलम्बु,काठमाण्डौको नाममा जारी गरिएको दरभाउपत्र जमानत (दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिवाट ७५ दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र फाराममा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा दरभाउपत्र दाताको सही छाप भएको हुनु पर्नेछ ।

६) म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएको दरभाउपत्र फारामहरु मान्य हुने छैन ।

७) दरभाउपत्रदातालाई दरभाउपत्र पेश गर्नु अगाडि आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।

८) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहीत रहने छ ।

९) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ (संसोधन सहित) बमोजिम हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कार्यालयको नाम / स्थान | कामको विवरण/ निर्माण स्थल | स्वीकृत ल.ई. (भ्याट बाहेक) | दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) | दरभाउपत्र जमानत वापत रकम रु. |
|---|---|---|---|---|---|---|
| 1. | APF/Hospital/ Sealed Quotation/075/ 076-008 | Nepal APF Hospital Balambu, Kathmandu | Construction Of Generator House | 17,30,455.34 | Rs.1000/- | 51,000/- |